
# लेखापरीक्षण प्रतिवेदन

# परोहा नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## परोहा नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/348

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
परोहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रौतहट ।

## कैफियतसहितको राय

हामीले परोहा नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वार्षिक प्रतिवेदनले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७ करोड ३९ लाख ५२ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड २९ लाख ५२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५ लाख १९ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु.४ लाख ९ हजार र स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.२० समेत समेत गरी रु.१८ करोड ९८ लाख ३२ हजार समावेश गरेको छैन।

२.नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू.१८ करोड ५७ लाख ८२ हजार, समपूरक अनुदानरू.५० लाख र विशेष अनुदानरू.१ करोड २० लाख समेत रू.२० करोड २७ लाख ८२ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.२ करोड २२ लाख ३७ हजार बचत रहेको छ । उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता गरेको छ । संघबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

३.नगरपालिकाको लागि प्रदेश सरकारबाट समपूरक अनुदान रू.२० लाख र विशेष अनुदान रू.३० लाख समेत रू.५० लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.२० लाख १ हजार बचत रहेको छ । उक्त रकम प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।

४.परोहा नगरपालिकाको रु.१ अर्ब २८ करोड ७८ लाख २० हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड १३ लाख ६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिकृया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४३ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६४ लाख १३ हजार र पेस्की बाँकी रु.५ लाख समेत यष वर्ष रू.१ करोड १३ लाख ६ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म ३८ करोड ३१ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३९ करोड २१ लाख ८० हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।**

५.नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

### बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४१ | १०९ | १,१३,०६,०७७ | ० | ० | ० | ० | ४१ | १०९ | १,१३,०६,०७७ | ४३,९३,२४६ | ० | ६४,१२,८३१ | ० | ० | ६४,१२,८३१ | ५,००,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रौतहट | ३८,३१,८९,००० | ० | २३,१४९२९ | ३८,०८,७४,०७१ | 0 | १,१३,०६,०७७ | ३९,२१,८०,१४८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ५०.२<br>५०.५<br>५०.७<br>५०.१०<br>५०.१२ | भत्ता | ४,८७,२२० |
| २ | २०७८/७९ | ४७ | टिकट र बोर्डिङ्ग पास | ४१,२०० |
| ३ | २०७८/७९ | ३९ | जनप्रतिनिधिलाई पोशाक खर्च | १,७८,२०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७८/७९ | ३७ | अस्थायी कर्मचारीको महंगी भत्ता | ३,९६० |
| ५ | २०७८/७९ | ४ | फिर्ता गर्न बाकी अनुदान | १६,०४,३४९ |
| जम्मा | | | | २३,१४,९२९ |

# (८०२२०४०९३०० - परोहा नगरपालिका, रौतहट )

## परिचय

१ **परिचय** -

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने ३७.४५ क्षेत्रफल वर्ग किलोमिटर तथा ३७४५३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।१२ देखि २०८१।०९।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आयतर्फ रु.६१,९५,८१,४०२।८१ र ब्ययतर्फ रु.६६,८२,३८,३५९।१६ समेत रु.१,२८,७८,१९,७६1।९७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १५०३९१५।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | घटि करकट्टी दाखिला । | ३९१५।०० |
| २ | रौशन एण्ड पवन कन्स्ट्रक्सनको पेश्की फिर्ता दाखिला । | १५०००००।०० |

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३ **वित्तीय विवरणको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म. ले. प. फा नं २७० (प्राप्ति भुक्तानी हिसाव) र कार्यालयबाट पेश भएको एकिकृत आयव्यय विवरणको संक्षिप्त स्थिति निम्नानुसार रहेको छ :

**स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७०**

| विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|
| | नगद | जम्मा | नगद | जम्मा |
| राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| कर | ९,०३,३९,२३७.०१ | ९,०३,३९,२३७.०१ | ९,९३,७९,३५९.५८ | ९,९३,७९,३५९.५८ |
| अनुदान | २९,२६,८६,०७४.२९ | २९,२६,८६,०७४.२९ | ३९,०१,२६,०००.०० | ३९,०१,२६,०००.०० |
| अन्य राजस्व | ६७,३७,७१४.८२ | ६७,३७,७१४.८२ | ३०,००,०००.०० | ३०,००,०००.०० |
| कुल जम्मा प्राप्ति | ३८,९७,६३,०२६.१२ | ३८,९७,६३,०२६.१२ | ४९,२५,०५,३५९.५८ | ४९,२५,०५,३५९.५८ |
| चालु | ३१,८०,१३,१५३.३८ | ३१,८०,१३,१५३.३८ | ३२,९२,५२,२०१.९२ | ३२,९२,५२,२०१.९२ |
| पारिश्रमिक / सुविधा | १५,२२,०३,७३३.८४ | १५,२२,०३,७३३.८४ | १२,१८,३३,२४४.५२ | १२,१८,३३,२४४.५२ |
| मालसामान तथा सेवाको उपयोग | ९,९९,४४,८२३.०४ | ९,९९,४४,८२३.०४ | १२,८४,७५,४८९.२९ | १२,८४,७५,४८९.२९ |
| सहायता (Subsidy) | ३५,५४,०००.०० | ३५,५४,०००.०० | ४१,१२,५००.०० | ४१,१२,५००.०० |
| सामाजिक सुरक्षा | १,४९,१७,७५०.१९ | १,४९,१७,७५०.१९ | १,५३,८६,६९६.०० | १,५३,८६,६९६.०० |
| अन्य खर्च | ४,७३,९२,८४६.३१ | ४,७३,९२,८४६.३१ | ५,९४,४४,२७२.११ | ५,९४,४४,२७२.११ |
| पूंजीगत | ११,५२,०१,२०४.०७ | ११,५२,०१,२०४.०७ | १८,६६,८६,६१३.०० | १८,६६,८६,६१३.०० |
| भवन तथा संरचना | ६,०९,०७०.०० | ६,०९,०७०.०० | ० | ० |
| सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | १,३९,४५,९९७.०० | १,३९,४५,९९७.०० | २,४२,६३,४७४.०० | २,४२,६३,४७४.०० |
| अन्य पूँजीगत खर्च | २,१३,३२,२९०.०० | २,१३,३२,२९०.०० | २८,९४,११५.०० | २८,९४,११५.०० |
| सार्वजनिक निर्माण | ५,६०,०२,९५३.८० | ५,६०,०२,९५३.८० | १३,२७,२८,८१३.०० | १३,२७,२८,८१३.०० |
| निर्मितसरचनाको सुधार खर्च | ३२,८०,६५२.०० | ३२,८०,६५२.०० | ३०,४६,६०९.०० | ३०,४६,६०९.०० |
| पूँजीगत सुधार खर्च | १,६८,८६,०५४.२७ | १,६८,८६,०५४.२७ | ६२,१३,९१४.०० | ६२,१३,९१४.०० |
| मौज्दात सामानहरु | ९,४४,१८७.०० | ९,४४,१८७.०० | ० | ० |
| जग्गाप्राप्ति खर्च | २२,००,०००.०० | २२,००,०००.०० | १,७५,३९,६८८.०० | १,७५,३९,६८८.०० |
| कुल जम्मा भुक्तानी | ४३,३२,१४,३५७.४५ | ४३,३२,१४,३५७.४५ | ५१,५९,३८,८१४.९२ | ५१,५९,३८,८१४.९२ |
| बचत /कमी (ग = क-ख ) | (४,३४,५१,३३१.३३) | (४,३४,५१,३३१.३३) | (२,३४,३३,४५५.३४) | (२,३४,३३,४५५.३४) |
| धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (१,५३,८०२.८२) | (१,५३,८०२.८२) | (११,३८,०९८.००) | (११,३८,०९८.००) |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (३,५३,२४६.००) | (३,५३,२४६.००) |
| यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (४,३६,०५,१३४.१५) | (४,३६,०५,१३४.१५) | (२,४५,७१,५५३.३४) | (२,४५,७१,५५३.३४) |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | ५,२३,४७,३३०.४५ | ५,२३,४७,३३०.४५ | ७,६९,१८,८८३.७९ | ७,६९,१८,८८३.७९ |
| विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |

| | | | | |
|---|---|---|---|---|
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ८७, ४२ , १९६.३० | ८७, ४२ , १९६.३० | ५, २३ , ४७ , ३३०.४५ | ५, २३ , ४७ , ३३०.४५ |

**कार्यालयबाट पेश भएको एकिकृत आयव्यय विवरण**

| क्रसं. | आय | रकम रु. | क्र.सं. | व्यय | रकम रु. |
|---|---|---|---|---|---|
| १ | गत बर्षको जिम्मेवारी | | 1 | चालु खर्च/पुंजिगत खर्च | चालु खर्च |
| | क) बैंक मौज्दात गत वर्षको | 56133075.17 | | क) समानिकरण तर्फ | 102138780.65 |
| | ख) धरौटी बैंक मौज्दात | 11971859.10 | | ख) संघिय सरकार शर्सत | 185782000.00 |
| 2 | धरौटी प्राप्ति | 3588026.00 | | ग) संघीय सरकार विषेश अनुदान | 12000000.00 |
| 3 | संघबाट प्राप्त | | | घ) संघिय सरकार समपुरक अनुदान | 5000000.00 |
| | | | | ङ) प्रदेश समपुरक अनुदान | 2000000.00 |
| | | | | च) प्रदेश वितिय समानीकरण अनुदान | 7462774.00 |
| | क) वित्तीयसमानिकरण अनुदान | 103230000.00 | | छ) प्रदेश सरकार विशेष अनुदान | 3000000.00 |
| | ख) सशर्त अनुदान | 185782000.00 | | ज) संघीय सरकार राजश्व वाडफाँड | 8134219.00 |
| | ग) विशेष अनुदान | 12000000.00 | | झ) प्रदेश शसर्त अनुदान | 0.00 |
| | घ) समपुरक अनुदान | 5000000.00 | | ञ) राजश्व वाडफाँड | 79842895.66 |
| | ग) राजस्व वाँडफाँड (संघ र प्रदेश) | 88101794.41 | | ट) आन्तरिक श्रोत | 60226832.85 |
| | | | | | |
| 4 | प्रदेशबाट प्राप्त | | 2 | अन्य खर्च | |
| | क) वित्तीय समानिकरण अनुदान | 8019000.00 | | क)ग7-2स्थानीय प्रकोप व्यवस्थापन कोष | 677289.00 |
| | ख) सशर्त अनुदान | 0.00 | | ख) सडक वोर्ड नेपाल | 4605968.00 |
| | ग) समपुरक अनुदान | 2000000.00 | | ग) प्रदेश तथा स्थानीय शासन सहयोग | 388000.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | घ) विशेष अनुदान | 3000000.00 | | घ) ५.१ स्थानीय तह विविध कोष खाता (कर्मचारी कल्याण कोष खाता) | 1881591.00 |
| | | | 3 | धरौटी फिर्ता | 5266401.00 |
| 5 | बिषयगत शिर्षक निकासा रकम | | 4 | बिषयगत शिर्षक खर्च रकम | |
| | क) समाजिक सुरक्षा | 173951669.00 | | क) समाजिक सुरक्षा | 173951669.00 |
| | ख ) गरिव संग विशेश्वर कार्यक्रम | 408800.00 | | ख ) गरिव संग विशेश्वर कार्यक्रम | 408800.00 |
| | ग )एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 12952473.00 | | ग )एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 12952473.00 |
| | घ)स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | 2000000.00 | | घ)स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | 2000000.00 |
| | ङ ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 518666.00 | | ङ ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | 518666.00 |
| ६ | आन्तरिक श्रोत | 9159916.17 | 5 | बाकी मौज्दात | 19447977.92 |
| ७ | अन्य कोष | | | क) धरौटी मौज्दात रु.10293484.10 | |
| | क)ग7-2स्थानीय प्रकोप व्यवस्थापन कोष | 957492.00 | | ख)संचित कोष मौज्दात रु.5754569.64 | |
| | ख)ग7-1 स्थानीय तह आक्समीक कोष | 0.00 | | ग)चालु खर्च जोर वर्ष रु.0.00 | |
| | | | | घ) पूँजीगत खर्च जोर वर्ष रु.0.00 | |
| | | | | ङ) बाडफाड प्राप्त राजशव खाता रु. | |
| | | | | च)स्थानीय प्रकोप व्यवस्थापन कोष रु.280203 | |
| 8 | ग)ग 2-7 विविध खर्च खाता | 5993157.23 | | छ)स्थानीय तह आकस्मिक कोष खाता रु.0.00 | |
| | v.ग.५.१ स्थानीय तह विविध कोष खाता (कर्मचारी कल्याण कोष खाता) | 2918409.00 | | ज) विविध खर्च खाता रु.201312.18 | |
| | | | | झ)ग.5.1 स्थानीय तह विविध कोष खाता | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रु.2918409.00 | |
| | | | | ञ)ग.१.१ आन्तरिक राजश्व खातार रु.00 | |
| | | | | च)ग.१.३ आन्तरिक अनुदान खाता रु.0 | |
| | | | | | |
| | जम्मा | 687686337.08 | | | 687686337.08 |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय विवरणको विश्लेषण**

**वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १७,३९,५१,६६९।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,२९,५२,४७३।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५,१८,६६६।-, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु. ४,०८,८००।- र स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु. २०,००,००/- समेत गरी रु.१८,९८,३१,६०८।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.२ **फरक हिसाब :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१५७५७६०३.८१, यस वर्षको प्राप्ति रु. २२९८१८३७६.६९,यस वर्षको भुक्तानी रु २३५०२४००१.७१.र बैङ्क मौज्दात रु. १०५५१९७८.८फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ५२३४७३३०.४५ | ३८९७६३०२६.१२ | ४३३२१४३५७.४५ | ८८९५९९९.१२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६८१०४९३४.२६ | ६१९५८१४०२.८१ | ६६८२३८३५९.१६ | १९४४७९७७.९२ |
| फरक | १५७५७६०३.८१ | २२९८१८३७६.६९ | २३५०२४००१.७१ | १०५५१९७८.८ |

४.३ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६,४५,४८,९७१।- मौज्दात रहेकोमा यो वर्ष रु. ६,८१,०४,९३४.२७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३५५५९६३.२७ बढीजिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

## ५ खर्च बिश्लेषणः

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ९१,५९,९१६.१७ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४९,८०,६१,९१६ आम्दानी भएकोमा चालु तर्फ रु. ३१,८०,१३,१५३.३८ र पूँजिगत तर्फ रु. ११,५२,०१,२०४.०७ समेत रु. ४३,३२,१४,३५७.४५ खर्च भएको छ । खर्च मध्ये आन्तिरिक आयको हिस्सा २.११ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८७,४२,१९५.00 खर्च भएको छ जुन आन्तरिक आयको ९५.४४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.८५ प्रतिशत चालु र २३.१२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रममा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ६ बजेट पेश, पारित र अख्तियारी:

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०८०।०३।१० गते रु ४९ करोड २२ लाख ७१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/०३/२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

## ७ कानून कार्यान्वयन स्थिति :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, १ वटा नियमावली, २० कार्यविधि लगायत ४० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले ३५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छन। तसर्थ बाँकी कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## ८ आन्तरिक नियन्त्रण प्रणाली:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्यलाई मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढगंबाट सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेबाट यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन ।

• निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नापी गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म. ले. प. फा. नं. ५०६ र ५०७ बमोजिमको ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वियन गर्नुपर्ने सम्भाब्य आयोजनाहरुको आयोजना बैंक खडा गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६ को उपदफा ४(ख) मा नगर उप-प्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन प्रतिवेदन पेश गरेको पाईएन ।

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरे नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी भए नभएको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकंन गरे नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको ।

## ९ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको समेत देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १० योजनाको प्राथमिकीकरण :

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक एवं सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने

व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ८५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ६१ | ३ | ४४ | १४ |
| २ | वडास्तरीय | २४ | 0 | १७ | ७ |
| जम्मा | | ८५ | ३ | ६१ | २१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ६५ योजनामात्र कार्यान्वियन भई २० योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजनाको प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

११ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

रु हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक खर्च | दोस्रो त्रैमासिक खर्च | तेश्रो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्च | आषाढ महिना को खर्च |
| पूँजिगत खर्चतर्फ | ११५२०१ | ७५५८ | ४४८८९ | १६७४१ | ४६०११ | ३७१५७ |
| प्रतिशत | १०० | ६.५६ | ३८.९७ | १४.५३ | ३९.९४ | ३२.२५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ११ करोड ५२ लाख १ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ७५५८ अर्थात ६.५६ प्रतिशत, दोश्रो त्रैमासिकमा रु ४४८८९ अर्थात ३८.९७ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १६७४१अर्थात १४.५३ प्रतिशत, र चौथो त्रैमासिकमा रु ४६०११ अर्थात ३९.९४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३७१५७ अर्थात ३२.२५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

१२ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १३,५६,७६५/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ९१,५९,९१६/-को १४.८१ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१३ **धरौटी :**

पालिकाले गत बर्षको धरौटी रु. ४४,६५,६७८.१० अल्या, चालू आर्थिक वर्षमा ५५,८३,५७५.०० धरौटी आम्दानी , फिर्ता रु. ५२,६६,४०१.०० भई रु. ५२,६६,४०१.०० धरौटी बाँकी रहेको छ। धरौटी करोबारमा देखिएका व्यवहोराहरु निम्न छन:

१३.१ **धरौटी लेखा:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ बमोजिम कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाँकी रहको धरौटी अर्को आर्थिक वर्षको लागि जिम्मेवारी सार्नु पर्नेछ।त्यसरी जिम्मेवारी सार्दा प्रत्येक वर्ष धरौटी रकमको छुट्टै बैकं नगदी किताब समेत राखी कुन काम बापत धरौटी जम्मा हुन आएको हो सो व्यहोरा समेत खुलाई सार्नुपर्नेछ । बोलपत्र जमानत, कार्यसम्पादन जमानत, पेश्की जमानत र अन्य जमानत बापतको धरौटीको लेखा महालेखा नियन्त्रकको कार्यालयले तोकिदिए बमोजिम ढाचाँमा राख्नु पर्नेछ । धरौटी खाता अद्यावधिक नहुँदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ ।

१३.२ **मू.अ. कर समायोजन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि मात्र रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको निर्माण व्यवसायी र सप्लायर्सको धरौटी रकम फिर्ता गर्दा भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्दछ ।

| धरौटी फिर्ता गरेको गो . भौ / मिति | व्यवसायीको नाम | धरौटी फिर्ता रु |
|---|---|---|
| ७।०८०।८।११ | मुन्ना कन्सट्रक्सन | ४२७५६३ |
| ९।०८०।८।१४ | मुन्ना कन्सट्रक्सन | २८८७५१ |
| ९।०८०।८।१४ | राज देवी भक्त कन्स्ट्रक्सन प्रा लि | १५४४७२३ |
| ११।०८०।८।१९ | महतो कन्स्ट्रक्सन | २८५२७ |
| ११।०८०।८।१९ | राजा निर्माण सेवा | ४१३२० |
| ११।०८०।८।१९ | लक्ष्मी कन्स्ट्रक्सन | ८३१९५ |
| ११।०८०।८।१९ | अमित कन्स्ट्रक्सन | ४१५९८ |
| ११।०८०।८।१९ | तुलसी कन्स्ट्रक्सन | ४१३१० |
| ११।०८०।८।१९ | राजन कन्स्ट्क्सन | ४१०५५ |
| २४।०८०।१२।१९ | रोयल कन्स्ट्रक्सन | ४१२९६ |
| जम्मा | | २५,७९,३३८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,७९,३३८ |

१४ **पेश्की बाँकी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्स्यौट गर्नु पर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले मुकेश प्रसाद साहलाई २०८०।७।२२ मा उन्नत जातको बोका खरिदको लागि यस वर्ष दिएको म्याद नाघेको पेश्की रु. ५,००,०००।०० बाँकी देखिएकोले फछर्यौट हुनुपर्ने रु..............

| | |
|---|---|
| पेश्की | ५,००,००० |

१५ **टुक्रे खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै कम्पनीबाट दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य वा मालसामान खरिद गर्न नहुने व्यवस्था छ ।पालिकाले देहाय बमोजिम फर्निचर खरिद, ह्याण्ड पाईप तथा बोर्डिङ्ग जडान, गाडी मर्मत सम्भार, विजुली बत्ती मर्मत लगायतका काम वापत देहायका फर्महरुबाट पटक पटक गरी रु. १,६६,२९,४७२।०० को खरिद गरेको छ ।एउटै प्रकृतिको कामलाइ एउटा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा सो नगरी एउटै आपुर्तिकर्तबाट पटक पटक गरी दश लाख रुपैंयाभन्दा बढीको खरिद गरेको छ ।पालिकाले खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ । केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| सि नं | भुक्तानी पाउने | भ्याट/प्यान | योजना/कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | पियुश ट्रेडर्स एण्ड सप्लायर्स प्रा .लि | 610264142 | फर्निचर तथा फर्निसिङ्ग | 861342.00 |
| २ | पियुश ट्रेडर्स एण्ड सप्लायर्स प्रा .लि | 610264142 | फर्निचर तथा फर्निसिङ्ग | 676870.00 |
| ३ | मां दुर्गा ईलेकट्रीक पसल | 605211050 | बिजुली बत्ती मर्मत सुधार | 546225.00 |
| ४ | मां दुर्गा ईलेकट्रीक पसल | 605211050 | बिजुली बत्ती मर्मत सुधार | 784180.00 |
| ५ | रोयल कन्ट्रक्सन | 304351516 | अंजुम उर्दु एकेडेमी भवन निर्माण | 933273.00 |
| ६ | रौशन एण्ड पवन कन्सट्रकसन | 607663631 | अधुरो पोखरीया मठ निर्माण तथा कम्पाउण्डमा माटो पुर्ने | 794802.00 |
| ७ | अमित कन्सट्रक्सन | 605831115 | खापटोलमा छठघाट निर्माण | 901542.00 |
| ८ | विकाश अटो पार्टस एण्ड मेशिनरी सप्लायर्स | 614251065 | गाडी नं ना १ ग ७८० को मर्मत सम्भार खर्च, ना १ झ १६६०, ना १ ग ८०५ लगायत | 1613453.00 |
| ९ | इजी लाईफ स्मार्ट सोलुसन प्रा.लि. | 610389609 | तार बत्ती जडान कार्य | 897852.00 |
| १० | संझना जेनरल सप्लायर्स | 612896334 | नेपाली फाईल, फोटोकपी पेपर लगायतका मसलन्द सामनहरु | 998807.00 |
| ११ | अमन निर्माण सेवा | 606928791 | हैण्ड पाईप जडान | 507810.00 |
| १२ | रौतहट ह्यूम पाईप उद्योग | 305421182 | ह्युम पाईप खरिद तथा जडान | 1404025.00 |
| १३ | पुजा कन्स्ट्रक्सन | 303799254 | वडा नं ३ विभिन्न सडक मर्मत | 632179.00 |
| १४ | राजा निर्माण सेवा | 615607179 | वडा नं. १, २ र ३ का विभिन्न सडक मर्मत | 786002.00 |
| १५ | सलोनी कन्सट्रकसन | 614237218 | वडा नं. ७ , ८ र ९ का विभिन्न सडक मर्मत | 868206.00 |
| १६ | ओम साई जेनरल एण्ड आँडर सप्लायर्स | 614967517 | मोटर डेलिभरी पाईप खरिद | 989767.00 |
| १७ | सुमित निर्माण सेवा | 600858519 | वड नं. ४ , ५ र ६ का विभिन्न सडक मर्मत | 869535.00 |
| १८ | शोभा कन्स्ट्रक्सन एण्ड निर्माण सेवा | 618994072 | वडा नं ३ मा सडक ढलान | 827317.00 |
| १९ | लक्ष्मी कन्सट्रकसन | 301916396 | सिंचाईका लागि बोर्डिङ्ग जडान | 736285.00 |
| | | | जम्मा | १६६२९४७२ |

१६ **पोखरिया मल्हानिया झोलुङ्गे पुल**

उक्त झोलुङ्गे पुल निर्माणको लागि निर्माण व्यवसायी सृजना/स्वर्णिमा अंशुमान जे.भी. संग २०७८ पौष २२ गते सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी रु. २,८८,१५,००० मू.अ. कर सहितमा खरिद सम्झौता भएको रहेछ । उक्त निर्माण कार्यमा गत वर्ष सम्ममा रु.

१,७४,६४,७७४.९७ र यो वर्ष भौ. नं. २७ मिति २०८१।२।७ बाट चौथो रनिङ विल वापत रु. ४१,४६,४७५.०३ भुक्तानी समेत हालसम्म रु. २,१६,११,२५० भुक्तानी गरेको देखिन्छ ।

**म्याद थप सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौता अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यसायीले संशोधित कार्यतालिका सहित म्याद थपको लागि निवेदन दिनुपर्ने र कार्यालयले कारण मनासिब भएमा म्याद थप गर्न सक्ने उल्लेख छ । कार्यलयले कोभिड-१९, लकडाउन तथा बाढी जस्ता कारणले पहिलो पटक र बजेटको अभाव, स्थानीय निर्वाचन आदि कारणले कार्यपालिकाको मिति २०८०।१२।२१ को निर्णयले २०८१ असार मसान्त सम्मको थप म्याद गरेको देखिन्छ । थप भएको अवधिमा समेत कार्य सम्पन्न गरेको छैन ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वियनको लागि सार्वजनिक निकायले कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने, कार्ययोजना अनुसार सम्झौता कार्यान्वियनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने उल्लेख छ । पालिकाले खरिद नियमावली अनुसार संशोधित कार्यतालिका माग गरी निर्माण कार्यको गुणस्तर मूल्यांकन गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

१७ **परोहा अस्पताल निर्माण:**

एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरपालिका वडा नं. ४ मा १० शैया अस्पताल निर्माणको लागि निर्माण व्यवसायी रसुवा-आश्रय-शाह जे.भि. संग रु. १३,०६,१०,४२७.०४ मा २०८०।३।१७ सम्ममा काम सम्पन्न गर्ने गरि २०७८।३।१८ मा खरिद सम्झौता गरेको देखिन्छ । उक्त निर्माण कार्यमा गत वर्ष सम्म रु. २,०१,३१,६०६.७६ र यस वर्ष दोश्रो, तेश्रो र चौथो रनिङ विल वापत रु. १,२९,५२,५४८.२४ समेत हालसम्म रु. ३,३०,८४,१२५ खर्च गरी २५.३३ प्रतिशत वित्तिय प्रगति गरेको देखियो । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

**म्याद थप सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई एवं बजेटको सुनिश्चतता नगरी खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । स्थानियहरुको जग्गा विवाद, निर्माण कार्य गर्नुपर्ने स्थल परिवर्तन, संघ र प्रदेशको निर्वाचन, बाढी लगायतको कारणले २०८१।३।१७ सम्म र सार्वजनिक खरिद नियमावली, २०६४ को तेह्रो संशोधनले दोश्रो पटक २०८३।३।१७ सम्म म्याद थप गरेको देखियो । निर्माण व्यवसायीलाई बजेट अभावको कारणले विल भुक्तानीमा समस्या भएको र नगरपालिकाले बजेट माग गर्दा समेत स्वास्थ्य मन्त्रालयबाट बजेट प्राप्त हुन नसकेको छलफलमा जवाफ प्राप्त भएको छ । तसर्थ संघीय सशर्तबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत निर्माण भएकोमा स्रोतको सुनिश्चतता गरी निर्धारित समयमै कार्य सम्पन्न गर्न सम्बन्धित मन्त्रालयले समेत बजेट व्यवस्थापन गरी गराई एवं खरिद सम्झौताको नियमित अनुगमन गरी कार्यतालिका बमोजिम कार्य गराउनुपर्ने देखिन्छ ।

१८ **नगरपालिका कार्यालयको भवन निर्माण:**

यस पालिकाले कार्यालय भवन निर्माणको लागि सम्झौता रकम रु. १२,४७,१७,११६.६५ (मू.अ. कर सहित)मा सम्झौता मितिले २४ महिना अर्थात २०८१ अषाढ ६ गते सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी ब्राइट-काष्ठमण्डप-काली जे.भि. सँग खरिद सम्झौता भएको रहेछ । उक्त निर्माण कार्यमा हालसम्म रु. ५४,९१,७८९.२७ अर्थात ४.४० प्रतिशत मात्र वित्तीय प्रगत गरेको देखिन्छ ।

**म्याद थप सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई एवं बजेटको सुनिश्चतता नगरी खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । स्थानियहरुको जग्गा विवाद, निर्माण कार्य गर्नुपर्ने स्थल परिवर्तन, संघ र प्रदेशको निर्वाचन बाढी लगायतको कारणले २०८१।३।१७ सम्म र सार्वजनिक खरिद नियमावली २०६४ को तेह्रो संशोधनले दोश्रो पटक २०८३।३।१७ सम्म म्याद थप गरेको देखियो । निर्माण व्यवसायीलाई बजेट अभावको कारणले विल भुक्तानीमा समस्या भएको र नगरपालिकाले बजेट माग गर्दा समेत स्वास्थ्य मन्त्रालयबाट बजेट प्राप्त हुन नसकेको छलफलमा जवाफ प्राप्त भएको छ । तसर्थ संघीय सशर्तबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत निर्माण भएकोमा स्रोतको सुनिश्चतता गरी निर्धारित समयमै कार्य सम्पन्न गर्न सम्बन्धित मन्त्रालयले समेत बजेट व्यवस्थापन गरी गराई एवं खरिद सम्झौताको नियमति अनुगमन गरी कार्यतालिका बमोजिम कार्य गराउनुपर्ने देखिन्छ ।

१९ **अधुरा योजना** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता बेहोराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले देहायका योजनाहरु गत विगत वर्षमा सम्झौता भएकोमा लेखापरीक्षण मिति २०८१।०९।१५ सम्म कार्यसम्पन्न नभएको तथा म्याद थप समेत गरेको देखिएन । निर्माण व्यवसायिको ढिलाईको कारणले समयमा काम सम्पन्न नभएमा सार्वजनिक खरिद नियमावली अनुसार पूर्व निर्धारित क्षतिपूर्ति समेत आर्कर्षित हुने हुनाले सम्झौता अनुसारको संशोधित कार्यतालिका माग गरी तोकिएको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

| ठेक्का न. | योजना को नाम | निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता रकम | कार्यसम्पन्न हुनुपर्ने मिति | आ व ०८०। ०८१ सम्म भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| PAROHA/MUN/WALL/BLD/13/078/79 | ओम मा वि कम्पाउण्ड वाल तथा बजार भवन निर्माण | बजरंग कन्स्ट्रक्सन ६०७१३६९४८ | २०७९।०३।१७ | 7,015,231.60 | २०७९ चैत्र मसान्त | 5,632,820.48 | |
| PAROHA/MUN/Pradesh/Road/03/079/80 | नरकटिया मोतिपुर सडक तथा नाला निर्माण | एशियन कन्स्ट्रकसन ६१३२९६३३९ | २०८०।०१।१३ | 4,617,858.00 | २०८०।१०।२९ | 3,686,000.00 | |
| Paroha/Mun/Pradesh/Road/05/079/080 | वडा नं. ३ र ४ मा नयाँ सडक निर्माण | मो.ईसलाम कन्सट्रकसन | २०८०।०१।१३ | 4,754,475.00 | २०८०।१०।२९ | 950,000.00 | पेश्की भुक्तानी |
| PMR/SAM/NCB/Bid/01/079/80 | कृषि उपज संकलन केन्द्र भवन निर्माण | चण्डी देवी निर्माण सेवा ६०१९८००३१ | २०७८।०३।०१ | 34,524,892.83 | २०८०।०२।३० | 1,000,000.00 | |
| | जम्मा | | | 50,912,457.43 | | 11,268,820.48 | |

२० **महिला लक्षित वातावरणमैत्री धुवाँ रहित भान्सा निर्माण :**

नगरपालिका भित्र अधिकाशं गरिब, विपन्न, दलित, पिछडा वर्ग बसोबास गरेको र उनीहरुले दाउरा, पराल, गोबर गुइठा लगायतका स्थानिय सामग्री प्रयोग गरी खाना पकाउँदा स्वास्थ्यमा नकारात्मक असर परि दीर्घरोगी हुने खतरा रहेकोले त्यस्तो वर्गलाई लक्षित गरी वातावरणमैत्री ग्याँस चुलो खरिद, वितरण गर्ने उद्देश्यले चुलो सेट, ग्यास र सिलिण्डर खरिद गरि नगरपालिकाका ३ वटा वडा (१, २,३

)का सम्पूर्ण घरधुरीलाई वितरण गर्न अनुमानित परिमाण १८०० सेट (चुलो सेट, सिलिण्डर ग्यास) वितरण गर्न रु.१ करोड २० लाखको बजेट तथा लागत अनुमान गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्न सूचना प्रकाशन भएकोमा पर्न आएको ४ थान मध्ये सबैभन्दा घटिवाला एम मुनिल सप्लायर्स, कलैया बाराको रु. १,०२,२८,७७० मू.अ. कर सहितको बोलपत्र मिति २०८१।१।१६ को बोलपत्र मूल्यांकन समितिको सिफारिश अनुसार बोलपत्र स्वीकृत गरेको देखिन्छ ।पालिकाले भौ.न. ३७ मिति २०८१।३।१६ बाट एम. मुनिल सप्लायर्सलाई रु. १,०२,२८,७७० भुक्तानी गरेको देखियो । सो सम्बन्धमा देखिएको व्यहोराहरु निम्न छन :

२०.१ **भेरीयशनबाट परिमाण थप:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति, सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको आधारमा परिमाण भेरीयशन गर्न सकिने उल्लेख छ । पालिकाले भौ.न. ४४।०८१।३।२३ बाट बोलपत्र हुदाँ प्रतिस्पर्धा भइ बचत भएको रकम पुनः २७० सेट (चुलो सेट, ग्यास, सिलिण्डरु)१५ प्रतिशत थप परिमाण सोहि सप्लायर्सबाट बोलपत्रको स्वीकृत दरमा खरिद गरी रु. १५,३४,३१५ खर्च गरेको छ । नगरपालिकाले वडा नं. १, २ र ३ का घरधुरी सर्वेक्षण गरी परिमाण यकिन एवं आवश्यकताको पहिचान गरि बोलपत्र आव्हान गर्नुपर्नेमा घरधुरी सर्भेक्षण गरेको विवरण पेश वेगर लागत अनुमानमा परिमाण तोकि बचत रकमबाट पुनः खर्च गरेको स्थिति छ । तसर्थ आवश्यक परिमाण यकिन गरी ठेक्का बन्दोबस्त गर्नुपर्दछ ।

२०.२ **बीमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम ४ मा मालसामान खरिदमा मूल्यको कम्तिमा ११० प्रतिशत रकम बरावरको युद्ध, हडताल आगजनी समेतको सबै जोखिम व्यहोर्ने गरी बीमा गराउनुपर्ने उल्लेख छ । त्यस्तै खरिद सम्झौताको General Condition Of Contract (GCC 23.1) मा विमाको Coverage सम्झौता रकमको ११० प्रतिशत हुने र सबै जोखिम बहन गरेको हुनुपर्ने व्यवस्था गरेकोमा बिमा कभरेज गरेको प्रमाण कागजात पेश भएको छैन । तसर्थ बीमाको कागज प्रमाण प्राप्त गरि पेश गर्नुपर्दछ ।

२०.३ **सिलिण्डर धरौटी:** सिलण्डर, ग्याँस र चुलो सेट खरिदको लागि आपूर्तिकर्ता एम. मुनिल सप्लायर्स, कलैया बारालाई सम्झौता बमोजिम सिलिण्डर धरौटी रसिदबाट भेरीयशनबाट थप भएको परिमाण समेतको रु. ४६,६८,००० समेत रु. १,१७,६३,०८५ भुक्तानी गरेको देखियो । आपूर्तकले भेरीयशनबाट थप समेत २०७० गोटा सिलिण्डरको रु. २४०० का दरले हुने रु. ४६,६८,००० को मू. अ. कर विल विजक जारी नगरी सिलिण्डर धरौटी रसिदमा धरौटी रकम प्राप्त गरेको उल्लेख गरी रसिद भर्पाइ दिएको देखिन्छ । उक्त धरौटी रकम कार्यालयले आपूर्तकलाई भुक्तानी गरेकोमा पेश भएको मू.अ. कर विजकमा धरौटी वापतको रकम उल्लेख गरेको देखिएन । कार्यालयबाट भुक्तानी गरेको धरौटी वापतको रकमको व्यावसायिक कारोबार सम्बन्धमा पालिकाले भुक्तानीको विवरण सहितको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने एवं पालिकाले सिलिण्डर धरौटीको नाम नामेसी सहितको अभिलेख राख्नुपर्ने र सिलिण्डर बुझिलिनेले फिर्ता गरेमा धरौटी वापतको रकम सप्लायरसंग फिर्ता लिने गरी सिलिण्डर धरौटीको अभिलेख पालिकाले राखेको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

२१ **कृषि मोटर तथा बोरिङ जडान:**

२१.१ स्थानिय तहलाई पूर्वाधार विकास सम्बन्धी आयोजना, कार्यक्रम कार्यन्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ लागु भएको छ । कार्यविधिको दफा ६ मा आयोजना कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, कार्यक्रम कार्यान्वयनबाट हुन सक्ने उपलब्धि, दिगोपना समेतको आधारमा स्थानिय तहलाई कूल लागतको अधिकतम चालिस प्रतिशत सम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । वडा नं १ देखि ९ सम्मका किसानहरुलाई कृषि सिंचाईको माध्यमबाट कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने उद्देश्यले कृषि मोटर तथा वोरिङ जडान कार्यक्रम संचालन गर्न कन्टिजेन्सी वापतको रु. २,७७,५०० समेत कूल रु. १,०२,५०,७७६.२६ को लागत अनुमानमा नगरपालिकाको अंश रु. ८९,७२,५०० र जनश्रमदान वापत रु. १०,००,७७६.२६ व्यहोर्ने गरि लागत अनुमान तयार गरेको छ ।समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ को दफा ९(२) मा स्थानिय तहले समपूरक अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न नपाउने उल्लेख गरेको भएतापनि देहायबमोजिम कूल लागत

अनुमान रु. ९९,७३,२७६.२६ मा नगरपालिकाले रु. ८९,७२,५०० र जनश्रमदान रु. १०,००,७७६.२६ व्यहोर्ने गरि लागत अनुमान स्वीकृत गरेको देखियो ।यो वर्ष प्रथम तथा दोश्रो रनिङ विल वापत रु. ४४,३५,२४५.६० को प्राविधिक विल पेश भएकोमा देहाय बमोजिम भुक्तानी गरेको छ ।

| भौ. न . मिति | विवरण | प्राविधिक विल रकम | नगरपालिकाले व्यहोरेको रकम |
|---|---|---|---|
| १०- ०८०।१०।३ | प्रथम रनिङ विल | ३४२६९२१.२८ | ३०८३२०० |
| १८- ०८०।११।३० | दोश्रो रनिङ विल | ९०७१८९ | ९०७१८९ |
| जम्मा | | ३९९०३८९ | ३९९०३८९ |

उपरोक्त अनुसार प्रथम तथा दोश्रो रनिङ विलबाट प्राविधिक विलको आधारमा रु. ३९,९०,३८९।- खर्च लेखेको देखियो । तेश्रो तथा अन्तिम विल भुक्तानीमा प्रदेश समपुरक र नगरपालिकाले व्यहोर्ने खर्च मिलान एवं निर्माण कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

२१.२ **कार्य सम्पन्न प्रतिवेदन :** समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ को दफा १० मा स्थानिय तहले समपूरक अनुदानबाट संचालित आयोजना/ कार्यक्रममा प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नुपर्ने र कार्यक्रम सम्पन्न नभएमा बाँकी कार्यको लागि थप अनुदान निकासा नदिइने उल्लेख छ । पालिकाले सो कार्य गर्न उपभोक्ता समितिका अध्यक्ष श्री मो. मोजरे आलमलाई २०८१।३।१० सम्ममा काम सम्पन्न गर्नुपर्ने गरी २०८०।५।२६ मा कार्यदेश दिएको देखिन्छ । कूल लागतको ४४.४७ प्रतिशत मात्र यो वर्ष वित्तीय प्रगति गरेको देखियो । तसर्थ सम्झौतामा तोकिएको अवधिमा कार्य सम्पन्न गरिनुपर्दछ ।

२२ **उपभोक्ता समितिबाट निर्माण कार्य** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ । पालिकाले देहाय अनुसारका विभिन्न ८ योजनामा रु.१ करोड १६ लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराएका छन्। उपभोक्ता समितिमार्फत काम गराउँदा गुणस्तरीय निर्माण कार्य भएको सुनिश्चत हुने व्यवस्था मिलाउनुपर्दछ । उपभोक्ता समितिमार्फत गराएको केही योजनाको उदाहरण देहाय बमोजिम छन् ।

| सि नं | योजना | लागत अनुमान | जनश्रमदान | कार्यसम्पन्न रकम | जनश्रमदान भएको रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ५०।२०८०।०७।०२ | जिंगडवा मदरसा र अन्य ठाउँ रंगरोगन कार्य | 868,163.00 | 92,163.00 | 868,173.00 | 92,164.06 | 776,000.00 |
| १२३।२०८०।०९।०३ | सिंचाईका लागि बोरिङ्ग जडान | 1,726,870.33 | 174,870.33 | 1,721,430.86 | 174,319.51 | 1,547,050.00 |
| १४१।२०८०।०९।१३ | भेडीयाही छठघाट निर्माण | 2,340,260.52 | 254,760.52 | 2,340,260.00 | 254,760.46 | 1,552,000.00 |
| १४१।२०८०।०९।१३ | नरकटीया खापटोल र वडा नं. ७ मा बोरिङ्ग जडान | 976,927.46 | 103,916.46 | 976,682.69 | 103,890.42 | 872,766.00 |
| १५६।२०८०।१०।१० | सिंचाईका लागि बोरिङ्ग जडान | 1,191,178.43 | 124,178.43 | 1,190,972.38 | 124,156.95 | 1,066,872.00 |
| १६०।२०८०।१०।२२ | कृषिका लागि बोरिङ्ग जडान | 1,083,748.47 | 113,748.47 | 1,064,864.59 | 111,766.45 | 953,054.00 |
| १७७।२०८०।१२।०२ | बोरिङ्ग जडान परोहा न.पा.-४ | 1,834,037.64 | 185,037.64 | 1,831,933.29 | 184,825.33 | 1,646,895.00 |
| २५४।२०८१।०३।२३ | कृषि सिंचाईका लागी बोरिङ्ग जडान | 1,621,074.76 | 166,074.76 | 1,543,642.43 | 158,142.03 | 1,385,573.00 |
| | | | | | | |
| | जम्मा | 11,642,260.61 | 1,214,749.61 | 11,537,959.24 | 1,204,025.21 | 9,800,210.00 |

## २३ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रु.१७७९८७३।०० खर्च लेखेको छ । जसमध्ये खाना, खाजा, होटलवास आदिका लागि विभिन्न होटललाई रु. १०४९४३५।०० भुक्तानी गरेको छ । नगरपालिकाले चालु खर्च मितव्यायी र पूँजिगत खर्च नतिजा प्राप्त गर्ने कार्यमा खर्च गरी विविध खर्चलाई मितव्ययी बनाउँदै अनावश्यक खर्चलाई कटौती गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

## २४ ईन्धन खर्च

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष रु.८३५८९००।०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।

## २५ मसलन्द तथा कार्यालय सामाग्री

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ । पालिकाले नगरपालिका चालु खर्चबाट रु.६०१०२८०।०० को मसलन्द तथा कार्यालय सामान खरिद कार्य रु १० लाख भित्रको सीमामा पर्ने गरी विभिन्न ३ वटा फर्मबाट कोटेशन लिइ खरिद गरेको छ। यसरी एउटै प्रकृतिको खरिद कार्यलाई एउटा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा सो नगरी टुक्रा टुक्रा गरी खरिद भएको छ । सिमित प्रतिस्पर्धावाट भएको कार्य मितव्ययी

देखिएन । पालिकाले खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ । सिमित प्रतिस्पर्धात्मक तवरले विभिन्न वस्तु तथा सेवा खरिद भएको कार्यको केही उदाहरण निम्नानुसार उल्लेख गरिएको छ ।

| गो भौ नं | आपूर्तक | रकम |
|---|---|---|
| १९।२०८०।६।२८ | शंकर प्रेस | ९९७४२२ |
| ५२०।२०८१।२।१ | शंकर प्रेस | ९९९४१४ |
| १७५।२०८०।९।३ | श्री स्टेशनरी स्टोर्स | ७८८११८ |
| ३९५।२०८०।१२।०६ | श्री स्टेशनरी स्टोर्स | ७०३६२२ |
| ६१६।२०८१।३।२३ | श्री स्टेशनरी स्टोर्स | ९७४३७५ |
| ६४६।२०८१।३।२४ | श्री स्टेशनरी स्टोर्स | ९९८२५३ |

२६ **प्रशारण प्रमाणपत्र**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार विभिन्न सन्देश मूलक सूचना प्रकाशन वापत भुक्तानी भएकोमा प्रसारण भएको प्रसारण प्रमाणपत्र सम्लग्न गरेको छैन । प्रसारण प्रमाण पत्र पेश गरी खर्च पुष्टी गर्नुपर्ने रु….

| गो भौ नं | मिडिया को नाम | विवरण | रकम |
|---|---|---|---|
| ३१।२०८०।७।०३ | रौतहट एफ एम ९०. ८ मेघाहर्ज | विभिन्न जनचेतनामूलक सूचना प्रशारण | १६९५०० |
| २२९।२०८०।९।२४ | रेडियो संस्कृति | विभिन्न जनचेतनामूलक सूचना प्रशारण | ४०००० |
| २३१।२०८०।९।२४ | जयरामा मिडिया प्रा लि | विभिन्न जनचेतनामूलक सूचना प्रशारण | ४५००० |
| ३४८।२०८०।११।१४ | रेडियो दुर्गा भगवति ९६. ६ मेगाहर्ज | सन्देशमूलक सूचना प्रशारण | ३३९०० |
| | | जम्मा | २८८४०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८८,४०० |

२७ **अनुत्पादक तथा वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नगरपालिका चालु खर्चबाट विभिन्न पूजा, मेला, महोत्सव लगायतमा खर्च गरेको उल्लेख गरी विभिन्न व्यक्ति तथा समितिलाई रु.५६२८१०२।०० भुक्तानी दिएको छ । त्यस्ता खर्चमा भोजमा आवश्यक पर्ने सामग्री खरिद गरेको, पूजा पाठ, नाँचका सामान, टेन्ट आदि जस्ता सामग्रीको लागि भुक्तानी दिएको, खेलकुद सामाग्री आदिमा विभिन्न किराना पसलका टुक्रा विलहरु समेत पेश भएको देखियो। यस प्रकारका खर्चमा नियन्त्रण गरी खर्चलाई मितव्ययी बनाउँदै उत्पादन मुखी कार्यमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यस्ता खर्चका केही उदाहरण निम्नानुसार छन्:

| गो भौ नं | विवरण | रकम |
|---|---|---|
| ३४।२०८०।७।३ | श्री कृष्ण जन्माष्टमी मेला समिति परोहा न पा ५ | २५०००० |
| ३४।२०८०।७।३ | श्री कृष्णजन्मष्टमी तथा महाविर झण्डा मेला समिति परोहा ४ | २८५००० |
| ५३।२०८०।७।१५ | बोलबम कबारी मेला | ९७००० |
| ५८।२०८०।७।१५ | काँवरिया मेला वडा | २७००० |
| ६४।२०८०।७।२० | शिवपार्वति मेला समिति परोहा न पा ९ रामपुर | १२५००० |
| ९९।२०८०।७।२३ | बाबा नागेश्वर नाथ मन्दिर नजिक कवरिया मेला वडा नं ८ – मेला व्यवस्थापन समिति परोहा न पा ८ | २६२००० |
| १००।२०८०।७।२३ | विजय दसमीको मेला संचालन – जय माँ दुर्गा पूजा समिति परोहा ८ | १२५००० |
| १०३।२०८०।७।२३ | महाविर मेला तथा दुर्गा पूजा समिति परोहा ३ तेजापाकड | २४०००० |
| १२२।२०८०।८।१० | कृष्णा जन्माष्टमी पूजा | ६५००० |
| ६९।२०८०।७।१७ पूँजीगत | गत वर्षको भुक्तानी ओम साइ जेनरल एण्ड अर्डर सप्लायर्स | ९९००१० |
| १६०।२०८०।८।२० | मानव सेवा केन्द्र गौर | १००००० |
| १६२।२०८०।९।०२ | दुर्गा पूजा समिति परोहा ८ | ९०००० |
| ३३४।२०८०।११।०९ | सरस्तवी पूजा कार्यक्रम | १२५००० |
| ६१२।२०८१।३।२२ | श्री दुर्गा पूजा समिति परोहा न पा ७ र ८ नरकटिया रौतहट, नेपाल | ९८५०० |
| ४२१।२०८९।१२।०९ | छट पर्वमा लत्ता कपडा सहयोग | २७४८५९२ |

### २८ विद्युत महसुल

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न भौचर नम्बरहरुबाट विद्युत महसुल भुक्तानी गर्दा जरिवाना समेत भुक्तानि गरेकोले निम्नानुसार रु. ९५६८२।०० थप व्ययभार परेको छ । विद्युतको महसुल समयमै भुक्तानी गरी छुट सुविधा लिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### २९ विद्यालयलाई अनुदान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले नगरपालिका पूँजीगत खर्चबाट निम्नानुसार विभिन्न विद्यालयलाई निम्नानुसार रु.७७५०००।०० निकासा गरेको छ । निकासा भएको रकमको सही सदुपयोग भएको पुष्टी गर्ने प्रमाण कागजात ती विद्यालयहरुले पेश नगरेकोले प्रमाण कागजात पेश गर्नुपर्ने रु……

| गो भौ नं | विद्यालयको नाम | विवरण | रकम |
| --- | --- | --- | --- |
| १५९।२०८०।१०।१७ | श्री अनहोतिलाल माध्यमिक विद्यालय बसन्तपट्टी | कक्षा १० का विद्यार्थीहरुको शैक्षिक भ्रमण कार्यक्रम | १५०००० |
| १५८।२०८०।१०।१७ | श्री ब्रम्हज्योती मा वि लौकाहा | कक्षा १० का विद्यार्थीहरुको शैक्षिक भ्रमण कार्यक्रम | १२५००० |
| २०३।२०८०।११।१८ | श्री ओउम मा वि नरकटिया | शैक्षिक भ्रमण | १००००० |
| २१९।२०८१।२।१४ | श्री मा वि जिगंडवा वेलविछ्वा परोहा नपा २ रौतहट | कक्षा १० का विद्यार्थीहरुको शैक्षिक भ्रमण कार्यक्रम | १००००० |
| २४७।२०८१।३।२३ | श्री मिल्लत प्रा वि पोखरिया लौकाहा | शिक्षकको छुट तलव | १००००० |
| २८०।२०८१।३।२४ | श्री माध्यमिक विद्यालय जिगंडवा वेलविछ्वा परोहा नपा २ | पठनपाठन व्यवस्थित गराउन | २००००० |
| | | जम्मा | ७७५००० |

| | |
| --- | --- |
| प्रमाण पेश नगरेको | ७,७५,००० |

## ३० कर कट्टी

आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०८०।८१ को लागि प्राकृतिक व्यक्तिको लागि लागु हुने करको दर निर्धारण गरेको छ । पालिकाले करार सेवाका मेडिकल अफिसर डा. रफि हैदर अन्जुमलाई पारिश्रमिक, थप सुविधा, चाडपर्व खर्च तथा पोशाक खर्च समेत वर्ष भरिमा रु.१०४९८३१।०० भुक्तानी गरेकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर रु.१०४९९।०० मात्र कट्टा गरेकोले रु.६५४६७।०० घटी कर कट्टा भएको छ । घटी कर रकम असुल गरी संघीय राजस्वमा जम्मा गर्नुपर्ने रु...........

| वार्षिक आम्दानी | रु. छ लाख सम्म १ प्रतिशतले लाग्ने कर | रु. ६ लाख भन्दा माथी ८ लाख सम्म १० प्रतिशत | रु. ८ लाख भन्दा माथि ११ लाख सम्म २० प्रतिशत | जम्मा लाग्ने कर | कट्टी भएको कर | नपुग कर |
| --- | --- | --- | --- | --- | --- | --- |
| १०४९८३१ | ६००० | २०००० | ४९९६६ | ७५९६६ | १०४९९ | ६५४६७ |

| | |
| --- | --- |
| असुल गर्नुपर्ने | ६५,४६७ |

## ३१ हेरालु खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामका लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्विकृत दरबन्दी वेगर देहायबमोजिम पालिकाद्वारा वृक्षारोपण भएको रुखहरुको रेखदेख तथा सरसफाई गर्ने कार्यका लागि ५१ जना हेरालु दैनिक ज्यलादारीमा कामदार भर्ना गरी निम्नानुसार रु.२३३७०००।०० खर्च लेखेको छ । हेरालुको हाजिरी नगरप्रमुखबाट प्रमाणित गरि सोही आधारमा ज्याला रकम भुक्तानी गर्ने गरेको पाईयो । दरवन्दि यकिन गरी स्थायी तथा करार सेवाबाट पदपूर्ती गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ३२ तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम

पालिकाले विभिन्न तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम गैह्र सरकारी संस्थाहरुमार्फत गराई गत वर्षको भुक्तानी बाँकी समेत आर्थिक वर्ष २०८०।८१ मा नगरपालिका चालु खर्चबाट रु.१६४१९००।०० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

३२.१ गैह्र सरकारी संस्थाहरुले संचालन गरेका तालिममा सहभागीहरुको छनौटको स्पष्ट आधार उल्लेख नहुने गरेको पाइयो । सहभागीहरुको छनौट, आवस्यकता र कार्यक्रमको उद्येश्य अनुसार भए/नभएको सम्बन्धमा पालिकाले अनुगमन गरी थप विश्लेषण गरी तालिमबाट भएका उपलब्धीको अभिलेख राखी आगामी दिनमा उपलब्धी हुने खालका तालिम तथा अभिमुखीकरण कार्यक्रमलाई मात्र संचालनमा ल्याई अनावस्यक खर्च हुन नदिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३२.२

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एकलाख रुपैयाभन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र दफा ५क. मा तयार भएको लागत अनुमान स्वीकृत गर्नुपर्ने उल्लेख छ । पालिकाले गैह्र सरकारी संस्था मार्फत संचालन गरेका अधिकांस तालिम गोष्ठी तथा अभिमुखिकरण कार्यक्रमको लागत अनुमान तयार गरेको छैन भने अधिकांस कार्यक्रमको प्रस्ताव आव्हान गर्दा बिनियोजित बजेटकै आधारमा गर्ने गरेको छ । लागत अनुमान तयार नगरी विनियोजित बजेटकै आधारमा प्रस्ताव आव्हान गर्ने कार्यमा नियन्त्रण गरी ऐनमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ ।

३२.३ **करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौता रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार संस्थाबाट तालिम गोष्ठी अभिमुखीकरण सम्बन्धी सेवा खरिद गरी रु. १५४५७००।०० भुक्तानी दिएकोमा ती संस्थाहरुले मूल्य अभिवृद्धि कर विजक जारी गरेका छैनन् । मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने निम्न संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा रु.११४९२३।०० घटी कर कट्टी गरी भुक्तानी गरेकोले कर कट्टा गर्न छुट भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी संघिय राजश्व दाखिला गर्नुपर्ने रु.....

| गो भौ नं | कार्यक्रमको विवरण | संस्थाको नाम | रकम | कर कट्टी गर्नुपर्ने | कर कट्टी भएको | बाँकी |
|---|---|---|---|---|---|---|
| ६२०।२०८१।३।२३ | केरा तथा नगदे बाली जन्य खेती सम्बन्धी तालिम | परिवर्तनको लागि साथी नेपाल | ३००००० | ४५००० | ६८०९ | ३८१९१ |
| ६२७२०८१।।३।२३ | बाल बिबाह बहु विवाह तथा दाइजो प्रथा न्यूनीकरण सम्बन्धी तालिम | हरित रोजगार प्रवर्द्धन केन्द्र प्रा लि | १४५५०० | २१८२५ | २५३१ | १९२९४ |
| ६३४।२०८१।३।२३ | नगदे बाली सम्बन्धि तालिम | समाज सुधार अभियान | ९६२५० | १४४३७ | १२५१३ | १९२४ |
| ६३५।२०८१।३।२३ | घरेलु हिंसा लागु पदार्थ दुर्व्यशनी उन्मुलन समब्नधी तालिम | श्री जनजागरण केन्द्र नेपाल | १४४५०० | २१६७५ | १८७७५ | २९०० |
| ६३६।२०८१।३।२३ | धान तथा गहुँ बाली सम्बन्धी तालिम | समृद्ध समाज विकास नेपाल | ९६२५० | १४४३७ | १२३१५ | २१२२ |
| ६३७।२०८१।३।२३ | पशुपालन सम्बन्धी तालिम | श्री दलित महिला, बालबालिका तथा कृषि विकास केन्द्र इनरवारी ७ रौतहट | ९४५०० | १४१७५ | १२२८५ | १८९० |
| ६३८।२०८१।३।२३ | युवायुवतीहरुलाई प्रभावकारिता सम्बन्धी तालिम | श्री दलित महिला, बालबालिका तथा कृषि विकास केन्द्र इनरवारी ७ रौतहट | ९५६०० | १४३४० | १२४२८ | १९१२ |
| ६५५।२०८१।३।२४ | माछा पालन तथा भुरा उत्पादन सम्बन्धी तालिम | जन जागरण युवा केन्द्र | ९५००० | १४२५० | १२३५० | १९०० |
| ५९।२०८०।७।१४ पूँजीगत | उद्यमसिलता विकास तथा बजारीकरण सम्बन्धी तालिम | राष्ट्रिय विपन्न वर्ग संघ नेपाल | ४७८१०० | ७१७१५ | २४२२५ | ४४७९० |
| | | जम्मा | १५४५७०० | २३१८५४ | ११४२३१ | ११४९२३ |

| असुल गर्नुपर्ने | १,१४,९२३ |
|---|---|

३३ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी

कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले गो भौ नं ६०१।२०८१।३।२२ बाट लिगन केस मेनेजमेन्ट सिस्टम सफ्टवेयर खरिद गरी इनोभेटिभ एण्ड एक्शपटाइज टिम टेक्नोलोजी प्रा लि लाई रु.३९७०००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

## ३४ सेनिटरी प्याड खरिद

सामुदायिक विद्यालयमा अध्यायनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीको समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाडने समस्या समाधान गर्न, गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्ने उद्देश्यले सेनिटरी प्याड खरिद तथा वितरण गर्ने कार्यको लागि रु. २३,२३,०००।०० बजेट व्यवस्था गरेको देखिन्छ । सेनिटर प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ मा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र विद्यालयबाट माग भएको संख्यालाई शिक्षा शाखाले स्थानिय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने उल्लेख छ । पालिकाले विद्यालयले माग गरेको एवं EMIS तथ्यांक सँग भिडान गरी आवश्यकता पहिचान गरेको प्रमाण पेश गरेको छैन पालिकाले गो भौ नं १०१।२०८०।११।१० बाट बोलपत्रको माध्यमबाट ओम ट्रेडर्स एण्ड जेनरल सप्लायर्ससँग ३२२३७ प्याकेट प्याड रु.२०,९८,२४१।०० मा खरिद गरी विद्यालयमा हस्तान्तरण गरेको छ । खरिद गरिएका सेनिटरी प्याडहरु कार्यविधिको अनुसूची -१ मा तोकिएको स्पेशिफिकेसन बमोजिम भए नभएको प्रमाणित गरि दाखिला गर्नुपर्नेमा तदनुसार भए गरेको देखिएन ।

## ३५ थप शिकाई पुस्तिका

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत स्थानीय तह र प्रदेश तहमा ससर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ (विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान) को ९.४ मा कक्षा १ देखि ३ सम्मलाई भाषा तथा गणित विषयका स्वअध्ययन सामाग्री छपाइ गरी वितरण गर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ३९।२०८०।८।१० बाट उक्त कृयाकलापबाट विद्यार्थी मूल्यांकन अभिलेख फाराम १०० सेट राजन पुस्तक भण्डार नरकटिया १ रौतहटसँग रु.१९९५००।०० खरिद गरी विद्यालयरुलाई हस्तान्तरण गरेको छ । कार्यान्वियन पुस्तकामा १ देखि ३ सम्मका विद्यार्थीकालागि भाषा तथा गणित विषयका स्वअध्ययन सामाग्री छपाइ गरी वितरण गर्नुपर्ने उल्लेख भएकोमा विद्यार्थी मूल्यांकन अभिलेख फाराम छपाई गरेकोले कृयाकलापको उद्येश्य अनुरुप खर्च भएको देखिएन ।

## ३६ कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत स्थानीय तह र प्रदेश तहमा ससर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान वापत रु.६५००००।०० दिने व्यवस्था छ । उक्त प्रयोजनका लागि गो भौ नं ११९।२०८१।२।२० बाट श्री आधारभूत विद्यालय भेडियाहीमा रु.६५००००।०० अनुदान रकम निकासा भएकोमा अनुदान रकमबाट भएको खर्चको कार्य सम्पन्न भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रमाण पेश गर्नुपर्ने रु......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

## ३७ निशुल्क पाठ्यपुस्तक

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत स्थानीय तह र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्विय हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.४.६.१ (सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा १ देखि १० का विद्यार्थीका लागि तेस्रो त्रैमासिकभित्र IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी

भर्नाको विवरण, पाठ्यपुस्त खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले ४ विद्यालयहरुमा प्रथम र दोस्रो पटक समेत गरी रु.११२००९३।०० रकम निकासा गरेकोमा ती विद्यालयले पाठ्य पुस्तक खरिद र वितरणको भरपाई पेश गरेका छैनन् । उल्लेखित प्रमाण पेश गरी खर्च पुष्टी गर्नुपर्ने रु..........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,२०,०९३ |

३८ **एकमुष्ट अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत स्थानीय तह र प्रदेश तहमा ससर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई एकमुष्ट अनुदान वापत रु.१००००००।०० निकासा दिने व्यवस्था छ । पालिकाले गो भौ नं २८१।२०८१।३।२० बाट सरस्वति प्रा वि बसन्तपट्टी लाई रु.१००००००।०० निकासा गरेकोमा शिक्षक नियुक्ती गरेको प्रमाण कागजात सम्लग्न गरेको छैन । यस सम्बन्धमा छलफल हुँदा शिक्षक नियुक्तिको प्रकृयामा रहेको भनाइ पालिकाको रहेको छ । शिक्षक नियुक्ती गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

३९ **औषधि खरिद:**

नगरपालिका भित्रका स्वास्थ्य संस्था अस्पतालहरुमा अत्यावश्यक औषधिको सूचिमा रहेका विभिन्न ७७ आइटम औषधिहरु निशुल्क वितरण गर्नको लागि रु. २६ लाख ६५ हजार बजेट व्यवस्था भएकोमा सोहि अनुसार नै लागत अनुमान तयार गरेको देखियो । सिलबन्दि दरभाउको आव्हान हुँदा पर्न आएका ४ थान दरभाउमध्ये सबैभन्दा घटिवाला सेतिदेवी मेडिसिन सप्लायर प्रा.लि. को रु. २४,५८,५६७.१९ को दरभाउपत्र मूल्यांकन समिति समेतको निर्णयको आधारमा स्वीकृत गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन:

३९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्थानीय बजारभाउ, अघिल्ला वर्षहरुमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत लगायतको आधारमा प्रतिस्पर्धी र मितव्यायी ढङ्गले लागत अनुमान तयार गर्नुपर्ने उल्लेख गरेकोमा गत वर्षको दररेटलाई आधार नलिएको, राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित औषधि उत्पादक कम्पनिको दररेटलाई आधार नलिई ३ वटा फर्म कम्पनीको दररेट लिई औषत गरि लागत अनुमान तयार गरेको देखियो ।जसले गर्दा लागत अनुमान लागत प्रभावी भए नभएको यकिन हुन सकेन । तसर्थ मितव्ययी लागत अनुमान तयार गरि खरिद व्यवस्थापन गर्नुपर्दछ ।

३९.२ सिलबन्दि दरभाउपत्रको सूचनाको बुँदा नं १२ मा औषधिको Expiry Date दाखिला गर्ने समयमा १८ महिनाको अवधि भएको हुनपर्नेमा सो भए नभएको प्रमाणित गरी दाखिला गर्नुपर्नेमा तदनुसार भए गरेको देखिएन ।

४० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रम सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रममा पालिका अन्तर्गत ९ वटा वडामा १० योजना सञ्चालन गरी यस वर्ष ११० जनालाई औसत ४२ दिनले ४६१९ दिन रोजगारी उपलव्ध गराई रु. ३०,८५,३७१.६४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको सुनिश्चत गरेको देखिएन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४१ **पोखरी ठेक्का:**

नगरपालिका अन्तर्गत बसन्तपट्टी वडा नं. ८ को कि.नं. ३० क्षेत्रफल १-५-०-० को पोखरी २०७७ पौष देखि २०८२ मंसिर सम्म (५ वर्ष) को लागि न.पा. वडा नं. ६ का सकारकर्ता पंकज कुमार जयसवालले रु. ८,४०,०००।- मा ४ किस्तामा रकम बुझाउने गरी ठेक्का सम्झौता गरेको देखियो । सम्झौताको शर्त अनुसार ४ किस्तामा प्रति किस्ता रु. २,१०,०००।- का दरले प्रथम किस्ता सम्झौताको बखत, दोश्रो २०७९ आषाढ, तेश्रो २०८० आषाढ, चौथो २०८१ फागुन मसान्त सम्ममा बुझाउनुपर्ने उल्लेख छ । सकारकर्ताले आ.व. २०८०।८१ सम्ममा ३ किस्ता रकम बुझाउनुपर्दछ । निजले २०७७।९।१० मा धरौटीबाट मिलान सहित (धरौटीबाट आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने) रु. २,१०,०००।- मात्र आ.व. ०८०।८१ मा दाखिला गरेकोले २०८१ आषाढ मसान्त सम्म दोश्रो र तेश्रो किस्ता वापतको रु. ४,२०,०००।– सकारकर्ता, पंकज कुमार जयसवाल संग असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,२०,००० |
|---|---|

४२ **सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक:**

पालिकाको आर्थिक ऐन, २०८० अनुसार सिफारिस प्रकृतिअनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा वडाहरुले राखेको चलानी किताबको सिफारिस संख्या र सूत्रबाट काटेको नगदि रसिद संख्याको परिमाणमा फरक देखिएकोले पालिका तथा राजश्व शाखाले थप बिश्लेषण गरी वडा कार्यालयले दस्तुर लाग्ने सिफारिस वापत दस्तुर लिईएको हो होईन सम्बन्धि यकिन गर्नुपर्ने अवस्था रहेको छ।

| वडा नं. | चलानी किताबमा सिफारिसको संख्या | नगदी रसिदको संख्या | फरक संख्या |
|---|---|---|---|
| १ | ४३७ | १६२ | २७५ |
| २ | ५५२ | २४४ | ३०८ |
| ५ | ६१४ | ६७० | ५६ |
| ७ | १२०७ | ३३२ | ८७५ |
| ८ | १०४६ | ३६३ | ६८३ |
| ९ | ११७६ | ६९४ | ४८२ |

४३ **सटर भाडा:**

पालिकाले आन्तरिक आम्दानी वृद्धि गर्ने उद्देश्यले आफ्नो क्षेत्रभित्र सार्वजनिक स्वामित्वमा रहेको भवन, घर, जग्गा, पोखरी भाडामा लगाउन सक्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार पालिकाले देहायको सटरहरु भाडा सम्झौता गरि वा नगरी भाडामा रहेको देखियो । सम्झौता गर्न बाकी सटरवालासंग सम्झौता गरी सम्झौता बमोजिम भाडा रकम असूल गर्नुपर्नेमा लेखापरीक्षणको समय सम्म देहायका पसल, सटरवालासंग भाडा वापत रकम प्राप्त नगरेकोले असूल गरी दाखिला हुनुपर्ने रु.

| व्यवसायको नाम, प्रोपाईटरको नाम | कोठा न. | धरौटी रकम | भाडा दर | जम्मा बुझाएको रकम | बाँकी | भाडा सुरु म्याद |
|---|---|---|---|---|---|---|
| अशोक मेडिकल हल, अशोक राय यादव | १५ | ९००० | ३००० | ३०००० | २१००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| परोहा मनि ट्रान्सफर, मो तबरेज आलम | ९ | ० | ३००० | ० | ५१००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| चाँद हार्डवेयर स्टोर्स अब्दुल मनान देवान | ७ | ६००० | २००० | ० | ३४००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| | ११ | ९००० | ३००० | ९००० | ४२००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| जानवी हार्डवेयर, ब्रजकिशोर यादव | १० | ९००० | ३००० | ११००० | ४०००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| प्रजापति डाइग्नोष्टिक एण्ड प्याथालोजि ल्याव | १३ | ६००० | २००० | १२००० | २२००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| | १४ | ९००० | ३००० | ३०००० | २१००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| नितेश ट्रेडर्स रामनरेश साह | १९ | ९००० | ३००० | ३५००० | १६००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| | २० | ६००० | २००० | २५००० | ९००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| पिताम्बर प्रसाद पटेल पुजनिय सहकारी | १ | २१००० | ३००० | ० | ५१००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| | २ | | २००० | ० | ३४००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| | ३ | | २००० | ० | ३४००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| ओम ईन्टरप्राइजेज विष्णुदेव प्रसाद पटेल | १७ | १५००० | ३००० | ४०००० | ४५००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| | १८ | | २००० | | | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| अनार ट्रेडर्स विष्णुदेव यादव | न पाको | १८००० | ३००० | ० | ५१००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| राजेश साह सोनार | न पाको | १८००० | ३००० | ० | ५१००० | २०७९ फागुन देखि २०८१ अषाढ मसान्तसम्म |
| | | | | | ५२२००० | |

| असुल गर्नुपर्ने | ५,२२,००० |
|---|---|

४४ **टिपर आम्दानी :**

पालिकाले आफ्नो आन्तरिक राजस्व वृद्धि गर्ने उद्देश्यले आफ्नो स्वामित्वमा भएको सार्वजनिक साधनबाट पालिका भित्र र बाहिरको व्यक्तिलाई सेवाप्रवाह गरे भाडा वापत राजस्व सकंलन गर्ने गरेको देखिएको छ । पालिकाको आर्थिक ऐन, २०८० मा सेवाग्राहीलाई टिपर उपलब्ध गराएवापत प्रति दिन रु. १०,००० राजस्व असुल गर्नुपर्दछ । पालिकाले राखेको लगबुक र अभिलेखको आधारमा देहायको व्यक्तिले टिपर प्रयोग पश्चात भाडा वापतको राजस्व दाखिला भएको नदेखिएकोले उक्त रकम दाखिला हुनुपर्ने रु.

| व्यक्ति नाम र ठेगाना | प्रयोग गरेको दिन | दर | जम्मा रकम | दाखिला गरेको रकम | दाखिला गर्न बाकी रकम |
|---|---|---|---|---|---|
| सन्तोष कुमार गुप्ता, विरगन्ज महानगरपालिका - १९ | ८८ | १०००० | ८८००००० | ४०००००० | ४८००००० |
| श्याम बाबु राय यादव, वृदावन नगरपालिका - ४ रौतहत | ७ | १०००० | ७०००० | ० | ७०००० |
| जम्मा | | | | | ५५००००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५०,००० |

## ४५ सामाजिक सुरक्षा

४५.१ **पारदर्शिता र अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघ संस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीय तहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

४५.२ सामाजिक सुरक्षा तथा संरक्षण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको बुदाँ नं २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रभु बैकं लिमिटेडबाट गत विगत वर्षहरुमा निकासा भएको खर्च नभएको रकमको यकिन गरी कार्यविधीमा उल्लेख भए बमोजिम उक्त रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

४५.३ **Dormant खाताको विवरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । प्रभु बैंक लिमिटेडले नगरपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormant खाताको विवरण पालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको यकिन गर्न सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार पालिकाले उक्त बैंकसँग Dormant खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

४५.४ **एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को बुँदा नं. १९ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । लेखापरीक्षण क्रममा सामाजिक सुरक्षा भत्ता वितरण विवरण परीक्षण बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैकले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार नगरपालिकामा चारवटै त्रैमासिकमा एउटै

नागरिकता नम्बर, एउटै जन्म मिति, एउटै नामका बुबा आमा भएको विभिन्न वडाका ११९ जना व्यक्तिलाई रु.२७,२०,८५६।०० दोहोरो भत्ता भुक्तानी भएको देखिएको छ । एउटै नागरिकता नं भएको व्यक्तिहरुलाई विगतका वर्षमा पनि सामाजिक सुरक्षा दोहोरो भुक्तानी भएको हुन सक्ने हुदा पालिकाले यससम्बन्धी अनुगमन गर्नुपर्ने देखिन्छ । पालिकाले नागरिकताका आधारमा कार्यविधि विपरीत लाभग्रहीहरुको नाममा दोहोरो भुक्तानी भएको रकम असूल हुनुपर्ने तथा अन्यथा फरक व्यक्ति भएको भए प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,२०,८५६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : परोहा नगरपालिका, रौतहट , परोहा नगरपालिका , रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मो.महफुज अहमद | २०७८-८-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिवपुजन मण्डल | २०७७-७-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,३९३,२४६ | ० | ६,४१२,८३१ | ० | ० | ५००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,३०६,०७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,३०६,०७७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६८१०४९३४.२७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०६०१२००० | **चालु खर्च** | ३१८०१३१५३.३८ |
| **प्रदेश सरकारबाट अनुदान** | १३०१९००० | **पूँजीगत खर्च** | १४७५७४३४८.७८ |
| **राजश्व बाँडफाँट** | ८८१०१७९४.४१ | **वित्तीय/अन्य व्यवस्था** | २०२६५०८५७ |
| **आन्तरिक आय** | ९१५९९१६.१७ | | |
| **अन्य आय** | २०३२८८६९२.२३ | | |
| **कुल आय** | ६१९५८१४०२.८१ | **कुल खर्च** | ६६८२३८३५९.१६ |
| **बाँकी मौज्दात** | | १९४४७९७७.९२ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।